# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
**Office Of Rural Municipal Executive**

पत्र संख्या : २०७८/०७९
Ref.No :2078/079
चलानी नं. :

कृषि विकास शाखा

तेतरिया,मोरङ्
Tetariya,Morang
प्रदेश नं. १, नेपाल
Province no.1, Nepal


### प्रस्ताव आह्वान सम्बन्धी सुचना

प्रथम पटक सुचना प्रकाशित मिति: २०७८/१०/१७ गते

प्रस्ताव दर्ता गर्ने अन्तीम मिति: २०७८/११/०२ गते कार्यालय समय भित्र

यस ग्रामथान गाउंपालिकाको आ.ब. २०७८/०७९ को कृषि विकास शाखाको संघिय सःशर्त कृषि विभाग तर्फको धान उत्पादन प्रबर्धन कार्यक्रम (बालि विकास कार्यक्रम) कार्यान्वयनका लागि तोकिए बमोजीमका शर्तहरु पालना गर्ने गरी गा.पा.मा रहेका तपशिल अनुसारका साझेदारहरुले सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यलय समयभित्र) "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०७८" अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नु हुन यो सुचना प्रकाशित गरीएको छ । साथै रित नपुगेको वा म्याद नाघि प्राप्त हुन आएको प्रस्तावहरु छनौट कार्यमा समावेश नहुने ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । उक्त कार्यक्रम सम्बन्धी थप जानकारीको लागी ग्रामथान गाउँपालिका कृषि विकाश शाखामा सम्पर्क गर्न सकिनेछ ।

तपशिल:

| क.सं | कार्यक्रम/आयोजनाको नाम | संख्या | अनुदान रकमको सीमा र प्रतिशत | प्रस्ताव पेश गर्न सक्ने सम्बन्धीत साझेदारहरु | कार्यक्रम सञ्चालन गर्नुपर्ने क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | धान उत्पादन प्रवर्धन कार्यक्रम (बालि विकास कार्यक्रम) | बढीमा ५ वटा ब्लक | अधिकतम ५० प्रतिशत | कृषक, कृषक समूह, कृषि फर्म, कृषि सहकारी, सामुदायीक बीउ बैंक, उपभोक्ता समिति, उद्योगी तथा ब्यावसायी | प्रति ब्लक २० हेक्टर वा ३० बिघा क्षेत्रफल | |

निवेद साथ पेश गर्नुपर्ने आवस्यक कागजातहरु:-

१.) रु. १०/- को टिकट टाँस सहितको तोकिएको ढाँचा बमोजीम निदेन । २.) कृषकको नागरीकता र जग्गा धनि लाल पुर्जा प्रतिलिपी । ३.) कृषक समूह/कृषि सहकारी/कृषि फर्म दर्ता संस्था प्रमाणपत्र/नविकरण/स्थायी लेखा नं प्रमाणपत्र। ४.) आफ्नो जग्गा नभएमा कार्यक्रम सञ्चालन हुने स्थानको जग्गा लिज वा ठेक्कामा लिएको ५ बर्षे सम्झौता पत्रको प्रतिलिपी अनिवार्य रुपमा संलग्न राख्नुपर्नेछ ।५.) निजी फर्मको हकमा गत आ.ब. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि । ६.) निजी फर्मको हकमा गत आ.ब. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धीत स्थानीय तहको प्रमाण ।

७.) प्रतिबद्धता पत्र ८.) निर्णय प्रतिलिपी ९.) सम्बन्धीत वडा कार्यालयको सिफारीस ।

नोटः कार्यक्रमको आवेदन पेश गर्दा ब्लक सञ्चालनमा गरिने क्रियाकलापहरु सुचनाको दोस्रो पानामा तोकिएको अनुदान रकमको सीमा र प्रतिशत बमोजीम माग गर्नुपर्नेछ ।

| | | |
|---|---|---|
| सुरेन कुमार माझी | गणेश बहादुर कार्की | शिव नारायण माझी थारु |
| कृषि शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका प्रमुख |

बोधार्थः श्री सुचना प्रविधि शाखा, सुचना वेब साईटमा राखिदिनुहुन ।